बैठक संख्या ३१
मिति २०७५।१२।२६
समय दिनको ३.०० बजे

मिति २०७५।१२।२५ गते समय अभावका कारण स्थगित बोर्ड बैठक आज मिति २०७५।१२।२६ गते नगर प्रमुख श्री हरि प्रसाद अधिकारी ज्यूको अध्यक्षतामा निम्न उपस्थिती मा बस्यो ।

उपस्थिती

| | | | |
|---|---|---|---|
| श्री हरि प्रसाद अधिकारी | - | प्रमुख सि.न.पा | |
| श्री उमा कार्की | - | उप-प्रमुख सि.न.पा. | |
| श्री रमेश मल्ल | - | वडा अध्यक्ष वडा नं | १ |
| श्री दिपक कुमार थापा | - | वडा अध्यक्ष वडा नं | २ |
| श्री थानेश्वर पौडेल | - | ,, ,, | ३ |
| श्री मुक्तिनाथ यादव | - | ,, ,, | ४ |
| श्री चेत बहादुर खत्री | - | ,, ,, | ५ |
| श्री विश्वनाथ श्रीवास्तव | - | ,, ,, | ६ |
| श्री भिमसेन कुमार कर्माचार्य | - | ,, ,, | ७ |
| श्री राजन जंग राणा | - | ,, ,, | ८ |
| श्री शेषकान्त भण्डारी | - | ,, ,, | ९ |
| श्री विजय नाथ घोबी | - | ,, ,, | १० |
| श्री दिलीप कुमार यादव | - | ,, ,, | ११ |
| श्री कञ्चन कुमार श्रेष्ठ | - | ,, ,, | १२ |
| श्री सतिश प्रसाद मसोनी | - | ,, ,, | १३ |

Scanned by CamScanner

श्री प्रेम कुमार सुनार सेन्चुरी – ना. पा. स

श्री रामदास हरिजन – " "

लक्ष्मी श्री लक्ष्मी देवी पाण्डे – " "

बिन्नी श्री बिन्नी कुमारी जैसी – " "

श्री इन्दिरा देवी रोकी – " "

श्री रूपा कुमारी सुनार वराइली – " "

श्री गुमान सिंह सुनार सोनी – " "

श्री शिव श्रेष्ठ – " "

श्री श्याम बहादुर थापा – प्र. प्र. अधिकृत चि. न. पा.

मिति २०७५।१२।२६ गतेको निर्णय :

निर्णय नं. १
श्री मालपोत कार्यालय भैरहवाको मिति २०७५।१२।१२ च.नं. १६१९६ को पत्रानुसार साविक भुजौली हाल सि.न.पा. वडा नं. १० गाउँ ब्लक अन्तरगतको जग्गाको मालपोत असुलीको लागि अनुरोध भै आएको हुंदा प्राप्त श्रेस्ता बमोजिम क.स. १ देखि १६ सम्मका जग्गाधनीहरुबाट समान खालका अन्य जग्गाधनीहरु सरह २०२७ साल देखि नै लागु हुने गरी मालपोत तथा सम्पत्ती कर असुल गर्ने गराउने निर्णयका साथै लिई सकेकालाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २
यस नगरपालिकाबाट आगामी दिनमा निर्माण गरिने देहायका योजनाहरुको लागि नेपाल सरकार, प्रदेश सरकार संग बजेट मांग गर्ने निर्णय गरियो ।
(क) न.पा.को लगि अत्याधुनिक कार्यालय भवन निर्माणको लागि रु. १७ करोड
(ख) वडा नं. ५ स्थित हाटबजारको सामुदायिक भवन निर्माणको लागि रु. १२ करोड ।
(ग) वडा नं. ३ स्थित दरखसवा पार्क निर्माणको लागि रु. ७ करोड ।

निर्णय नं. ३
यस नगरपालिका क्षेत्रभित्र ADB को लगानीमा संचालनमा रहेका IUDP तथा RUDP कार्यक्रमको लागि आवश्यक पर्ने Matching Fund सम्बन्धमा छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
श्री जिल्ला ट्राफिक प्रहरी कार्यालयको मिति २०७५।१२।०३ च.नं. २६१ को पत्रानुसार ट्राफिक प्रहरी कार्यालयको लागि कार्यालय भवन निर्माण गर्नको लागि जग्गा मांग गरेको सन्दर्भमा छलफल हुंदा सि.न.पा. वडा नं. ९ स्थित जयगुरुदेव आश्रम नजिकको केही जग्गा उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५
सि.न.पा. वडा नं. २ मा शुद्ध खानेपानीको व्यवस्थापन गर्नको लागि नेपाल खानेपानी संस्थान सिद्धार्थनगरले जग्गा मांग गरेकोमा सि.न.पा.वडा नं. २ (घ) मा पर्ने कि.नं.१४० को जग्गा विगहा ०-३-१८ को सार्वजनिक जग्गा मध्ये आवश्यक पर्ने जग्गा नेपाल खानेपानी संस्थान सिद्धार्थनगरलाई उपलव्ध गराउने र हाल उक्त कार्यालयले उपभोग गरिरहेको जग्गा न.पा.को संरक्षणमा ल्याउने गरी प्रकृया थाल्ने निर्णय गरियो ।

Bord

Scanned by CamScanner

निर्णय नं. ६

सि.न.पा. वडा नं. ११ स्थित पोखरीमा माछा पालनको लागि आ.व. २०७५।०७६ र ०७६।०७७ को २ वर्षको लागि ठेक्कामा रु. २ लाखमा मकसुद वारिस पठानलाई दिएकोमा हाल सो पोखरीको साइटबाट नाला निर्माण गर्दा बाधा भई रहेको हुंदा उक्त पोखरी सुकाउनु पर्ने भएकोले माछा पालन गर्न नमिल्ने भई यो आ.व. मा बुझाउनु पर्ने रकम रु. १,००,०००।- एकलाख छुट गरी दिनको लागि मांग भै आएकोले निजलाई मांग बमोजिम रु. १,००,०००।-एकलाख रकम छुट दिने निर्णय गरियो ।

निर्णय नं. ७

सि.न.पा. वडा नं. ९ को विनियोजित रकमबाट गोदार इन्जिनियरिङ्बाट पुर्व शोभाकर पौड्यालको घर देखि पदमा पौडेलको घर सम्मको बाटो बनाउन वडाको निर्णय अनुसार पांचलाख छुट्याईएकोमा उक्त बाटोमा विशेष कारणवस यो वर्ष काम हुन नसक्ने भई संशोधनका लागि अनुरोध भई आए बमोजिम गायत्रीपथ (मिन प्रसाद काउचा) को घर जाने बाटो ढलान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

विषयगत तर्फको शिक्षा अन्तरगतको रु.१६ लाख रकम देहाय अनुसार बाँडफांड गर्ने निर्णय गरियो ।

- सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षकहरुको लागि कम्प्युटर, इमेल, स्क्यानिङ्ग तालिमको लागि रु. २ लाख ।
- सामुदायिक आधारभुत विद्यालयको लागि आवश्यकतानुसार कम्प्युटर, प्रिन्टर खरिद गर्न रु. ९ लाख ।

Scanned by CamScanner